लुम्बिनी प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राप्ती उपत्यका (देउखुरी), नेपाल
(कर्मचारी प्रशासन शाखा)

पत्र संख्या :- ०८१/८२
चलानी नं.:-क.प्र./

मिति : २०८२/०४/१४

**श्री स्थानीय तह, (सबै),**
**लुम्बिनी प्रदेश।**

**विषय : कार्य सम्पादन मूल्याङ्कन सम्बन्धमा।**

प्रस्तुत विषयमा स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ४३ को उपदफा (१) बमोजिम यस प्रदेश भित्रका स्थानीय तहमा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन संलग्न पाना २ मा उल्लिखित व्यहोरा बमोजिम गर्नु गराउनुहुन यस कार्यालयको मिति २०८२/०४/१४ (प्रमुख सचिवस्तर)को निर्णयानुसार अनुरोध छ।

...................................
(सञ्जय ज्ञवाली)
वरिष्ठ शाखा अधिकृत
२०८२/४/१४

स्थानीय तहमा कार्यरत देहाय बमोजिमका कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन देहाय बमोजिम गर्ने गराउने सम्बन्धमा:-

देहाय:-

| क्र.सं. | कर्मचारी | सुपरिवेक्षक | पुनरावलोकन कर्ता | पुनरावलोकन समिति | प्रमुख प्रशासकीय अधिकृत |
|---|---|---|---|---|---|
| १ | सहायकस्तर कर्मचारीको हकमा | सातौं तहको पद र जिम्मेवारीमा रहेको प्रमुख प्रशासकीय अधिकृत | पुनरावलोकनकर्ता र पुनरावलोकन समितिको मूल्याङ्कनका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने। | | शाखा अधिकृत वा सातौं/आठौं वा सो सरहको कर्मचारी प्रमुख प्रशासकीय अधिकृत भएको स्थानीय तहको हकमा। |
| २ | अधिकृतस्तरका कर्मचारीको हकमा | सातौं तहको पद र जिम्मेवारीमा रहेको प्रमुख प्रशासकीय अधिकृत | पुनरावलोकनकर्ता र पुनरावलोकन समितिको मूल्याङ्कनका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने। | | शाखा अधिकृत वा सातौं/आठौं तह वा सो सरहको कर्मचारी प्रमुख प्रशासकीय अधिकृत भएको स्थानीय तहको हकमा। |
| ३ | शाखा अधिकृत वा सातौं/आठौं तह वा सो सरहको कर्मचारी प्रमुख प्रशासकीय अधिकृत रहेको स्थानीय तहको हकमा प्रमुख प्रशासकीय अधिकृत भन्दा ज्येष्ठ कर्मचारी कार्यरत रहेको भएमा त्यस्ता कर्मचारीको हकमा कार्यसम्पादन मूल्याङ्कन फाराममा उल्लिखित मूल्याङ्कनको आधार बमोजिमको प्रमुख प्रशासकीय अधिकृतको टिप्पणी (छुट्टै पानामा) सहित सुपरिवेक्षक, पुनरावलोकनकर्ता र पुनरावलोकन समितिको मूल्याङ्कनका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने। | | | | |
| ४ | सहायकस्तरको कर्मचारीको हकमा | सातौं तहको पद र जिम्मेवारीमा रहेको कर्मचारी | सुपरिवेक्षक भन्दा एक तह माथिको पद र जिम्मेवारीमा रहेको कर्मचारी | प्रमुख प्रशासकीय अधिकृत -संयोजक<br>सम्बन्धित पुनरावलोकनकर्ता -सदस्य<br>सम्बन्धित सुपरिवेक्षक -सदस्य | उपसचिव वा नवौं/दशौं तह वा सो सरहको कर्मचारी प्रमुख प्रशासकीय अधिकृत भएको स्थानीय तहको हकमा। |
| ५ | अधिकृतस्तर छैठौं/सातौं/आठौं तहको कर्मचारीको हकमा | उप सचिव वा नवौं/दशौं तह वा सो सरहको पद र | पुनरावलोकनकर्ता र पुनरावलोकन समितिको मूल्याङ्कनका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने। | | उपसचिव वा नवौं/दशौं तह वा सो सरहको कर्मचारी प्रमुख प्रशासकीय अधिकृत भएको स्थानीय तहको हकमा। |

| | | | | |
|---|---|---|---|---|
| | | जिम्मेवारीमा रहेको प्रमुख प्रशासकीय अधिकृत | लुम्बिनी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राप्ती उपत्यका (देउखुरी), नेपाल | |

पुनश्च:

१. मूल्याङ्कन गरिने कर्मचारी र निजको सुपरिवेक्षक हुने प्रमुख प्रशासकीय अधिकृत समान श्रेणी/तह भए तापनि दुवैजना एउटै सेवा, समूह वा उपसमूहको बढुवाको लागि संभाव्य उम्मेद्वार हुने अवस्था नभएमा त्यस्ता कर्मचारीको प्रमुख प्रशासकीय अधिकृतले सुपरिवेक्षकको हैसियतले मूल्याङ्कन गरी पुनरावलोकनकर्ता र पुनरावलोकन समितिको मूल्याङ्कनका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

२. प्रमुख प्रशासकीय अधिकृत र मूल्याङ्कन गरिने कर्मचारी समान तह भए तापनि मूल्याङ्कन गरिने कर्मचारी मूल्याङ्कन गर्ने कर्मचारीभन्दा ज्येष्ठ भएमा वा माथिल्लो तहको कर्मचारी भएमा त्यस्ता कर्मचारीको सुपरिवेक्षक, पुनरावलोकनकर्ता र पुनरावलोकन समितिको मूल्याङ्कनका लागि कार्यसम्पादन मूल्याङ्कन फाराममा उल्लिखित मूल्याङ्कनको आधार बमोजिम प्रमुख प्रशासकीय अधिकृतको टिप्पणी (छुट्टै पानामा) सहित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

३. प्रमुख प्रशासकीय अधिकृतको रुपमा कार्यरत कर्मचारी स्थानीय निजामती सेवामा समायोजन भएको भए त्यस्ता कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन फाराम सुपरिवेक्षक, पुनरावलोकन कर्ता र पुनरावलोकन समितिको मूल्याङ्कनका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पठाउने।

४. प्रमुख प्रशासकीय अधिकृतको रुपमा स्थानीय तहमा कार्यरत कर्मचारीको सुपरिवेक्षक वा पुनरावलोकनकर्ताको रुपमा मूल्याङ्कन गर्न तह/श्रेणी नमिल्ने भएमा त्यस्ता कर्मचारीको कार्य सम्पादन मूल्याङ्कनका लागि कार्यसम्पादन मूल्याङ्कन फाराममा उल्लिखित मूल्याङ्कनको आधार बमोजिम प्रमुख प्रशासकीय अधिकृतको टिप्पणी (छुट्टै पानामा) सहित मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पठाउने।

५. संघीय निजामती सेवाको प्रमुख प्रशासकीय अधिकृतले तोकिएको समय सीमा भित्र कार्यसम्पादन मूल्याङ्कन फाराम भरी मूल्याङ्कनका लागि साविक बमोजिम सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय पठाउने वा उक्त मन्त्रालयले निर्देशन दिए बमोजिम गर्ने।

२०८२।४।१४